# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असार ४ गते, २०८२ साल (अतिरिक्ताङ्क ७


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८२ सालको ऐन नं. ०२**

**शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापनद्वारा मानवस्रोत विकास गरी सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

Scanned with CamScanner

स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउन तथा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुऱ्याउन शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुसन्धान केन्द्र" भन्नाले दफा १७ बमोजिम स्थापना भएको अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(ख) "अस्पताल निर्देशक" भन्नाले दफा ३३ बमोजिम नियुक्त अस्पतालको निर्देशक सम्झनु पर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा २३ बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "कुलपति" भन्नाले दफा २१ बमोजिमको कुलपति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

Scanned with CamScanner

(च) "डिन" भन्नाले दफा ३० बमोजिम नियुक्त डिन सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमका पदाधिकारी सम्झनु पर्छ।

(झ) "प्रिन्सिपल" भन्नाले दफा ३२ बमोजिम नियुक्त शिक्षण संस्थाको प्रमुख सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २७ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ड) "विद्या परिषद्" भन्नाले दफा १४ बमोजिमको विद्या परिषद् सम्झनु पर्छ।

(ढ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्झनु पर्छ।

(ण) "विषय समिति" भन्नाले दफा १६ बमोजिमको विषय समिति सम्झनु पर्छ।

(त) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापक सम्झनु पर्छ र



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Scanned with CamScanner

सो शब्दले विश्वविद्यालयको अनुसन्धानकर्तालाई समेत जनाउँछ।

(थ) "शिक्षण अस्पताल" भन्नाले दफा २० बमोजिम स्थापना भएको शिक्षण अस्पताल सम्झनु पर्छ।

(द) "शिक्षण संस्था" भन्नाले दफा १९ बमोजिम स्थापना भएको शिक्षण संस्था सम्झनु पर्छ।

(ध) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालयको सभा सम्झनु पर्छ।

(न) "सहकुलपति" भन्नाले दफा २२ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

(प) "स्कूल" भन्नाले दफा १८ बमोजिम स्थापना भएको स्कूल अफ हेल्थ साइन्सेज सम्झनु पर्छ।

(फ) "स्वास्थ्य विज्ञान" भन्नाले आधुनिक वैज्ञानिक चिकित्सासँग सम्बन्धित उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापना सेवा सम्बन्धी विषयमा स्नातक वा सोभन्दा माथिको तहका शैक्षिक कार्यक्रम वा विधा सम्झनु पर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापनाः** (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी कार्य गर्न तथा सहज रूपमा विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विशिष्टीकृत विश्वविद्यालयको रूपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Scanned with CamScanner

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना गरिएको छ।

(२) विश्वविद्यालयलाई अङ्ग्रेजीमा मार्टियर दशरथ चन्द युनिभर्सिटी अफ हेल्थ साइन्स भनिनेछ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय कैलाली जिल्लाको गोदावरी नगरपालिकास्थित गेटामा रहनेछ।

४. <u>विश्वविद्यालय स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने</u>: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) विश्वविद्यालयले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

## परिच्छेद-३

## विश्वविद्यालयको सङ्गठनात्मक संरचना तथा पदाधिकारी

५. <u>विश्वविद्यालयको सङ्गठन</u>: विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अनुसन्धान केन्द्र,

(ङ) स्कूल,

(च) शिक्षण संस्था, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Scanned with CamScanner